# द्वन्द्व पीडित साझा चौतारी

## Conflict Victims Common Platform (CVCP)

केन्द्रिय कार्यालय, काठमाडौं, नेपाल
स्था: २०७१

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ संशोधनका लागि नेपाल सरकारले प्रस्तुत गरेको सङ्क्रमणकालीन न्याय सम्बन्धी ऐनको मस्यौदामा न्यूनतम रूपमा सुनिश्चित गर्नका लागि द्वन्द्वपीडित साझा चौतारीद्वारा प्रस्तुत गरिएको प्रारम्भिक टिप्पणी :

१. सङ्क्रमणकालीन न्यायको समग्र प्रकृयामा पीडित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्ने । अर्थपूर्ण सहभागीता भन्नाले :
   - सङ्क्रमणकालीन न्यायको समग्र प्रकृयामा पीडितलाई केन्द्रमा राखी उनीहरूको भूमिका सुनिश्चित गर्ने,
   - विभिन्न प्रकृति, क्षेत्र र जिल्ला तहमा पीडितहरूसँग मस्यौदा विद्येयक लगायत अन्य विषयहरूमा अलग अलग र पर्याप्त परामर्श गर्ने,
   - परामर्शबाट आएका सुझावहरूको ग्रहण गरी मस्यौदा विधेयकमा अनिवार्य रुपमा समावेश गर्ने,
   - आयोग गठनदेखि आयोगको सिफारिस कार्यान्वयनसम्म पीडितहरूको सहभागिता र अपनत्वको वातावरण सुनिश्चित गर्ने,
   - सरकारद्वारा परामर्श लगायत सङ्क्रमणकालीन न्यायसम्बन्धी समग्र प्रकृयाको समयबद्ध कार्यतालिका सार्वजनिक गरिनुपर्ने ।

२. विद्यमान सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगलाई विघटन गरी सङ्क्रमणकालीन न्याय सम्बन्धी आयोगहरू पुनर्गठन गरिनुपर्ने ।

३. यौनजन्य हिंसा (Sexual Violence), यातना (Torture), बलपूर्वक बेपत्ता पार्ने कार्य (Enforced Disappearance), जाति हत्या (Genocide), युद्ध अपराध (War Crimes) र मानवताविरुद्धको अपराध (Crimes Against Humanity) को परिभाषा सहित भूतलक्षी दण्ड/सजायको व्यवस्था गरिनुपर्ने ।

४. मानवअधिकार उल्लङ्घनका घटनाहरूमा *कमाण्ड रेस्पन्सिबिलिटि* (Command Responsibility) स्थापित गरी दण्ड/सजायको व्यवस्था सुनिश्चित गरिनुपर्ने ।

५. मानवअधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाका पीडकहरूलाई अनिवार्य कैद सजायको व्यवस्था हुनुपर्ने । त्यस्ता अपराधमा दोषी पाइएकाहरुलाई  सामुदायिक सेवा वा खुला कारागारको व्यवस्था अस्वीकार्य हुने । सत्य उजागर गर्न सहयोग नगर्ने पीडकलाई सजाय छुटको व्यवस्था स्वीकार्य नहुने ।

६. परिपूरण :
   - परिपूरणको परिभाषा वृहत रुपमा गरिनुपर्ने : क्षतिपूर्ति, राहत, पुनर्स्थापना, मनोसामाजिक परामर्श, शिक्षा, स्वास्थ्य, रोजगारी, सन्तुष्टि, परिचयपत्र, स्मृति तथा संस्मरणका कार्य, मर्यादा, क्षमायाचना समेतका विषयवस्तुहरू परिपूरणको परिभाषा भित्र समेटिनुपर्ने ।
   - सरकारले प्रदान गरेको वा गर्ने अन्तरिम राहतलाई आयोगले सिफारिस गर्ने परिपूरण अन्तर्गत गणना गर्न नहुने ।

७. आयोगले गरेका सिफारिसहरू कार्यान्वयन गर्ने संयन्त्रका बारेमा ऐनमा नै स्पष्ट रूपमा व्यवस्था गरिनुपर्ने ।

मिति : २०७५।४।२ बुधवार

भागीराम चौधरी
अध्यक्ष
द्वन्द्वपीडित साझा चौतारी, नेपाल
सम्पर्क: ९८५८०२७७४७